COVID-19 VACCINATION

# LET'S DO THIS – Nepali

NSW GOVERNMENT

# बालबालिकाहरू (५-११ वर्षसम्म) का लागि COVID-19 खोप

अहिले बुक गर्नुहोस्

## किन ५ वर्ष देखि ११ वर्षसम्मका बालबालिकाहरूले COVID-19 विरुद्धको खोप लगाउनुपर्छ?

COVID-19 एक प्रकारको भाइरस हो जसले दीर्घकालीन स्वास्थ्य समस्याहरूका साथै गम्भीर बिमारी र मृत्यु निम्त्याउन सक्छ। यो मानिसहरूका बीचमा सजिलै फैलिन सक्छ र कहिलेकाहीं यसको लक्षणहरू थोरै हुन्छ अथवा लक्षणै हुँदैन जसले गर्दा तपाईंबाट अरूलाई यो रोग सर्नु अगाडि तपाईं संक्रमित भएको थाहा पाउन गाह्रो हुन्छ।

COVID-19 को संक्रमण वयस्कहरूको तुलनामा बालबालिकाहरूमा प्रायः हल्का भएतापनि बालबालिकालाई खोप लगाउनु पर्ने मजबुत कारणहरू निम्नानुसार छन्:

- खोपले रोग प्रतिरोधात्मक प्रणालीलाई मद्दत गर्छ। आफ्नो बच्चालाई खोप लगाएर, तपाईंले उनीहरूलाई COVID-19 बाट हुने गम्भीर बिमारी र सम्भावित दीर्घकालीन प्रभावहरूबाट जोगाउन मद्दत गर्नु हुनेछ।
- खोप लगाउनाले यसको प्रसारण कम हुने भएकाले  सबै उमेरका असुरक्षित व्यक्ति लगायत साथीभाई, परिवार र समुदायको सुरक्षामा पनि सहयोग गर्छ।
- खोपले बालबालिकाहरूलाई विद्यालयमा राख्न र उनीहरूको पढाई र विकासका लागि महत्वपूर्ण सामाजिक क्रियाकलापहरूमा सहभागी हुन मद्दत गर्छ ।

विश्वभरका लाखौं बालबालिकाहरूलाई सुरक्षित तवरले COVID-19 विरुद्ध खोप लगाइसकिएको छ। प्रमाणहरूले देखाएअनुसार खोपले बालबालिकाहरूलाई COVID-19 बाट हुने गम्भीर बिमारीबाट उत्कृष्ट सुरक्षा प्रदान गर्छ र यसले तपाईंको परिवारलाई सुरक्षित र सन्चो राख्न मद्दत गर्छ।

## के बालबालिकाहरूले वयस्कहरूकै जस्तो खोप र डोज (खुराक) पाउँछन्?

**अहँ, पाउँदैनन् ।** ५ वर्ष देखि ११ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि स्वीकृत खोप, ८ हप्ताको अन्तरालमा दुई डोजहरू दिइने, एक विशेष खाले  Pfizer (Comirnaty) बाल (पेडियाट्रिक) खोप हो ।

५-११ वर्षका बालबालिकाहरूलाई दिइने Pfizer खोपको खुराकमा १२ वर्ष र त्यसभन्दा बढी उमेरका मानिसहरूलाई दिइने खुराकको लगभग एक तिहाइ भाग हुन्छ। यस उमेर समूहमा सानो खुराकको प्रयोग गरिन्छ किनकि यसले बालबालिकाहरूमा १२ वर्ष र त्यसभन्दा बढी उमेरका मानिसहरूलाई दिइएको खुराक समानको  उच्च स्तरको सुरक्षा प्रदान गर्न सक्छ।

## के बालबालिकाहरूलाई पनि वयस्कहरूलाई हुने जस्तै साइड इफेक्टहरू हुन्छ?

**हुन्छ।** बालबालिकाहरूले COVID-19 खोप लगाएपछि वयस्कहरूले जस्तै सामान्य साइड इफेक्टहरू अनुभव गर्न सक्नेछन्।

यी साइड इफेक्टहरू सामान्यतया हल्का हुन्छन् र एक वा दुई दिनपछि हराएर जान्छ र यसमा निम्न पर्नसक्छ:

- टाउको दुख्ने
- ज्वरो र चिसो हुने
- थकान लाग्ने र गल्ने
- मांसपेशी दुख्ने र इन्जेक्सन लगाएको ठाउँमा पाखुरा सुनिने

स-साना साइड इफेक्टहरू देखिनु सामान्य हुन्छन् र यसले रोग प्रतिरोधात्मक प्रणालीले खोपप्रति प्रतिक्रिया गरिरहेको देखाउँछ। यी खोपहरूबाट हुने गम्भीर साइड इफेक्टहरू एकदमै दुर्लभ हुन्छन् र COVID-19 हुनुभन्दा पनि यी साइड इफेक्टहरूको खतरा धेरै हुनसक्छ। यदि साइड इफेक्ट रहिरह्यो वा तपाईं चिन्तित हुनुहुन्छ भने, तपाईंको जी.पी. (GP) सँग कुरा गर्नुहोस्।

> nsw.gov.au मा गएर आफ्नो COVID-19 विरूद्धको खोप आजै बुक गर्नुहोस्


© NSW Ministry of Health December 2021

## के गम्भीर साइड इफेक्टको खतराको अर्थ मैले आफ्नो बच्चालाई खोप लगाउनु हुँदैन?

**हुँदैन।** अष्ट्रेलियामा प्रयोग गरिएका सबै COVID-19 खोपहरूको राम्रो सुरक्षा प्रोफाइलहरू छन् र यसको कडा परीक्षण र मूल्यांकन थेराप्युटिक गुड्स एड्मिनिशट्रेशन (TGA) र अष्ट्रेलियन टेक्निकल एड्भाइजरी ग्रुप अन् इम्युनाइजेशन (ATAGI) द्वारा यसको अनुमोदन गर्नु र प्रयोगको लागि सिफारिस गर्नुभन्दा पहिले गरिएको छ।

अहिलेसम्म संयुक्त राज्य अमेरिकामा ५० लाखभन्दा बढी बालबालिकाहरूले र विश्वभरि ५– ११ वर्ष उमेर समूहका लाखौँ बालबालिकाहरूले सुरक्षित रुपमा COVID-19 खोप लगाइसकेका छन् ।

## के COVID-19 खोपले मेरो बच्चाको वृद्धि, विकास वा भावी प्रजनन क्षमतामा असर गर्छ?

**गर्दैन।** COVID-19 खोपले बच्चाको वृद्धि र विकासमा असर गर्न सक्छ भन्ने कुराको कुनै प्रमाण छैन।

COVID-19 को दीर्घकालीन असरहरूले स्वास्थ्य र सुस्वास्थ्यमा चिरकालीन असर पार्न सक्छ। यो भाइरस लाग्दा हुने जटिलताहरूको खतरा, खोप लगाउँदा प्रायजसो देखिने हल्का साइड इफेक्टहरूभन्दा बढी हुन्छ।

## मेरो बच्चालाई पहिले नै COVID-19 भएको भए खोप लगाउनु हुन्छ?

**हुन्छ।** COVID-19 भएका बालबालिकाहरूले पुनः हुनसक्ने संक्रमणबाट बच्न आफू निको भएपछि खोप लगाउनुपर्छ।

## के मेरो सहमतिविना मेरो बच्चालाई खोप लगाउन सकिन्छ?

**सकिंदैन।** ५– ११ वर्ष उमेर पुगेका बालबालिकाहरूलाई COVID-19 खोप लगाउन अभिभावक वा कानुनी अभिभावकले सहमति दिनुपर्नेछ।

बुकिङ्ग गर्दा र अपोइन्टमेन्टमा पुनः सहमति दिनु आवश्यक हुन्छ। यदि बाबुआमा वा अभिभावक बच्चासँग अपोइन्टमेन्टमा उपस्थित हुन सक्दैनन् भने, उनीहरूले बुकिङ्ग गर्दा अनलाइन सहमति भर्दा आफ्नो स्थानमा अपोइन्टमेन्टमा उपस्थित हुन अर्को वयस्कलाई मनोनयन गर्न सक्छन्।

अपोइन्टमेन्टको दिन मनोनयन गरिएको वयस्क व्यक्तिको परिचय र प्रोक्सी सहमति दिन पाउने अधिकारको पुष्टि गर्न सकियोस् भनेर बुकिङ्ग गर्दा उनीहरूको विवरणहरू उपलब्ध गराउनु पर्दछ।

सहमति प्रदान गर्नेसम्बन्धि थप जानकारीको लागि, Vaccination consent FAQs for parents and guardians जानुहोस्।

## के COVID-19 विरुद्धको खोप बालबालिकाहरूका लागि अनिवार्य छ (विद्यालय र खेलकुद आदिका लागि समेत)?

**छैन।** COVID-19 विरुद्धको खोप लगाउनु अनिवार्य छैन, तर खोप लगाउन धेरै प्रोत्साहन गरिन्छ।

विद्यालय वा सामुदायिक खेलकुद क्रियाकलापमा भाग लिन बालबालिकाहरूले COVID-19 खोप लिनु आवश्यक छैन ।

## के मेरो बच्चाले बूस्टर खोप लगाउन सक्छ?

**सक्दैन।** खोपको प्राथमिक कोर्सले भर्खरका व्यक्तिहरूमा रोग प्रतिरोधात्मक क्षमताको बलियो प्रतिक्रिया पैदा गर्छ।

ATAGI भविष्यमा यो उमेर समूहका लागि बुष्टर डोज आवश्यक छ कि छैन भनेर विचार गर्नेछ।

## के बालबालिकाहरूलाई विद्यालयमा COVID-19 विरुद्ध खोप लगाइनेछ?

**छैन।** आफ्नो बच्चा को COVID-19 खोपको लागि आफ्नो जी.पी., स्थानीय फार्मेसी, एबोरिजिनल समुदायिक नियन्त्रित स्वास्थ्य सेवा वा एक एन.एस.डब्लु. स्वास्थ्य खोप क्लिनिक मार्फत बुकिङ्ग गर्नुहोस्।

## म कसरी बुक गर्छु?

बाबुआमालाई सकेसम्म चाँडै आफ्नो बच्चाको खोपको अपोइन्टमेन्ट बुक गराउन प्रोत्साहित गरिन्छ।

**अहिले नै अनलाइन बुक गर्नुहोस्** - www.nsw.gov.au/COVID-19/vaccination/get-vaccinated

**बुक गर्न फोन गर्नुहोस्:** बुकिङ्ग हेल्पलाइन: 1800 57 11 55 / अनुवाद तथा दोभाषे सेवा (TIS): 131 450


© NSW Ministry of Health December 2021